# आ.व. २०८२/०८३ को

# बजेट तथा कार्यक्रम

**स्वामीकार्तिक खापर गाउँपालिका**

**बाजुरा जिल्ला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**मिति २०८२।०३।१०**

**स्वामीकार्तिक खापर गाउँपालिकाको आ.व.२०८२।०८३ को बजेट तथा कार्यक्रम**

गाउँसभाका अध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सम्पूर्ण कर्मचारी, संचारकर्मी तथा सभामा उपस्थित सम्पूर्ण महानुभावहरु सर्वप्रथम यस स्वामीकार्तिक खापर गाउँपालिकाको गरिमामय गाउँसभाको १६ औं प्रारम्भ समारोहमा गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु । यस सभाको उपाध्यक्षको हैसियतले आ.व. २०८२।८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको महसुस गरेको छु । यस अवसरमा इतिहासका विभिन्नकालखण्डमा भएका जनआन्दोलनहरु, जनयुद्ध एवं २०६२।२०६३ को जनआन्दोलन लगायतका विभिन्न आन्दोलन र सङ्घर्षको क्रममा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सार्वभौमिकताका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदप्रति भावपूर्णश्रद्धाञ्जली अपर्ण गर्दछु । स्वर्गीय गाँउपालिकाकी उपाध्यक्ष मैना जोशीलाई पनि स्मरण गर्न चाहन्छु । यस स्वामीकार्तिक खापर गाउँपालिकाको समग्र विकासमा आफ्नो अमूल्य योगदान पुर्याउनु हुने सम्पूर्ण आदरणीय अग्रजलाई यस गरिमामय सभाबाट स्मरण गर्न चाहन्छु ।

संवैधानिक व्यवस्थाअनुसार उपाध्यक्षको हैसियतमा यो पहिलो पटक आज यस स्वामीकार्तिक खापर गाउँपालिकाको गरिमामय गाउँसभाको १६ औं अधिवेशनमा उपस्थित भएका छौं ।

**सभाअध्यक्ष महोदय,**

गाउँपालिकाको आगामी आ.व. **२०८२/०८३** को बजेट तथा कार्यक्रम नेपालको संविधान, संविधानको निर्देशक सिद्धान्त एवं नीतिहरु, नेपाल सरकारको आवधिक योजना, क्षेत्रगत नीतिहरु, वार्षिक बजेट, प्रदेश स्तरीय नीति एवं कानून, नागरिकका मौलिक हक, अन्तर्राष्ट्रिय कानून, नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा गरेको प्रतिवद्धता, दिगो विकास लक्ष्य, हामीले जनतामाझ गरेका प्रतिवद्धता र नागरिकका अपेक्षा एवं मागहरुलाई आधार लिइएकोछ । स्थानीय सरकार संचालन ऐन २०७४, गाउँपालिकाले बनाएका ऐन, कानुन, कार्यविधि, निर्देशिका र गाउँपालिकाको सोच "**उद्यमशीलता, शिक्षा, स्वास्थ्य, रोजगार ! पर्यटन, कृषि र खेलकुद सहित समृद्ध स्वामीकार्तिक खापरको आधार !!**" उपरोक्त सोचले उद्यमशीलता, शिक्षा, स्वास्थ्य, रोजगार, पर्यटन, कृषि र खेलकुदलाई समृद्धिको मुख्य आधारका रूपमा लिएको छ । स्थानीय उत्पादन, सीप, वातावरण र स्रोतको अधिकतम उपयोगमार्फत दीर्घकालीन सोचलाई साकार बनाउदै स्थानीय सरकारप्रति जन–विश्वास अभिवृद्धि गर्दै समृद्धिको दिशामा अघि बढ्ने र हाल विश्व राजनीतिक परिघटना र प्राकृतिक विपत्ति जस्ता चुनौती सँग जुध्दै समग्र विकासलाई माथि उठाउने लक्ष्यका साथ बजेट तथा कार्यक्रम तयार गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०८२।०८३ को बजेट यस सभामा प्रस्तुत गरिरहदा चालु आ.व. २०८१।०८२ को यथार्थ आर्थिक विवरण पेश गर्ने अनुमति चाहान्छु । चालु आर्थिक बर्षमा बिनियोजन वित्तीय समानीकरण चालु, पूंजीगत तर्फ, राजश्व बाँडफाँड, सर्शत अनुदान रकम, आन्तरिक श्रोत समेत गरेर जम्मा ३७ करोड ९९ लाख ३७ हजार रकम मध्ये हाल सम्म रु. ३३ करोड १७ लाख २४ हजार र ७० प्रतिशत खर्च भएको र बाँकी सम्पुर्ण खर्चको विबरण असार मसान्त सम्म प्राप्त हुनेछ ।

**सभाअध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८२।०८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४, विभिन्न ऐन, नियामावली, कार्यविधि, निर्देशिकाले र्निदिष्ट गरेका मापदण्डको परिधिमा रहेर यस गाउँपालिका भित्र बसोबास गर्ने आम नागरिकको कानुन बमोजिमको मौलिक हक अधिकार को संरक्षण हुने र उत्पादन वृद्धिमा प्रोत्साहान गरी आर्थिक जीवन स्तरमा सुधार ल्याउने उद्देश्य रहेको छ ।
- स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार भएकोले गाउँपालिकाका साना ठुला समग्र आर्थिक सुधार, गुणस्तरीय शिक्षा, स्वच्छ खानेपानी ,स्वस्थ संस्था सेवामुलक प्रशासनिक संयन्त्र, जवाफदेहीमुलक जनप्रतिनिधित्व सुशासन, समानता, समाबेशी, सहकारीता र सह अस्थित्वको आधारमा आफ्ना कार्यक्रमलाई बजेट मार्फत अगाडी बढाईने छ ।
- कर्तब्यनिष्ट इमान्दार नियमित र उत्कृट विधालयलाई पुरस्कृत गर्न **मैना जोशी अक्षय कोष**को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- विधालय हरियाली कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- संघिय सरकार र प्रदेश सरकारले विनियोजन गरेको बजेटमा यस स्थानीय तहले समेत साझेदारी गर्नु पर्ने नीतिगत व्यवस्थाका कारण संघ र प्रदेश समपुरक बजेटमा स्वामीकार्तिक खापर गाउँपालिकाले समेत बजेट विनियोजन गर्नु पर्ने हुदा त्यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- असक्त तथा फरक क्षमता भएका नागरिकहरुलाइ सामाजिक शुरक्षा भत्तामा जोडनका लागि आवश्य बजेट विनियोजन गरिएको छ ।
- पालिका स्तरको आर्युवेद सेवा केन्द्रको स्तरोन्नतिका लागि बजेट विनियोजन गरीएको छ ।
- विभिन्न सिचाइ आयोजनाहरुमा बजेटको व्यवस्था गरिएको छ ।
- हाम्रा भेष भुषा तथा संस्कृति जोगाउन केही रकम विनियोजन गरिएको छ ।
- लैङ्गिक समानताका लागि बजेटको व्यवस्था गरिएको छ ।

- विभिन्न सडकहरुको निर्माण तथा स्तरोन्नतिका लागि रकम विनियोजन गरिएको छ।
- विभिन्न कानून निर्माण गर्नका लागि केही रकम विनियोजन गरिएको छ।
- संस्थागत विकास तथा सुशासनका लागि विभिन्न प्रोफाइल बनाउन बजेटको व्यवस्था गरिएको छ।
- यस गाउँपालिकामा उत्पादन बढाउन स्याउ, ओखर लगायत फलफूलहरु उत्पादन तथा फलफूल रोपण गर्न आबश्यक बजेट विनियोजन गरेको छु।
- उत्पादित स्याउ लगायतका फलफूल तथा तरकारीलाई बिक्रि वितरण गर्न ढुवानी अनुदानको ब्यावस्था मिलाएको छु।
- कृषि र भेटेनरीमा आधारित भएर उत्पादन व्यवसायमा लाग्ने युवा, महिला कृषक उद्यमीलाई आवश्यक सहयोग गरिनुका साथै निश्चित मापदण्ड बनाई उन्नत जातको स्याउ ओखर लगाएत अन्य फलफुलका बोटहरु ५० प्रतिशत सहुलियत दरमा कृषकलाई वितरण गरिने छ।
- गाउँपालिका भित्र उत्पादन हुने रैथाने वालिको संरक्षण र उत्पादन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु।
- दलित, युवा, बालवालिका, महिला, जेष्ठ नागरिक अपाङ्ग असाय र विपन्नवर्गका नागरिकलाई शसक्तिकरण र आत्मनिर्भर हुने कार्यक्रम लागु हुने गरी आवश्यक रकम विनियोजन गरेको छु।
- धार्मिक पर्यटकीय क्षेत्रको प्रचार प्रसार र गाउँपालिकामा लोभ हुदै गएका भाषा संस्कृति संरक्षण र चाडपर्व संचालनका लागि रकम विनियोजन गरेको छु।
- सामुदायिक वन, सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गर्न विरुवा र आबश्यक रकमको ब्यबस्था मिलाएको छु।
- विपद व्यवस्थापन र जोखिम न्युनीकरणका लागि विपद कोष स्थापना भएको र सो कोषका लागि आवश्यक रकम विनियोजन गरेको छु।
- गाउँपालिका भरिका बेरोजगार युवालाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग लागत साझेदारी मार्फत विकास निर्माण कार्यमा लगाई रोजगारी दिने व्यवस्था मिलाएको छु।
- सरकारी, निजि र सहकारीको साझेदारीमा आधारित कृषी व्यवसाय संग साझेदारी गरिने छ।
- सुत्केरी आमा र नवजात शिशुका नियमित स्वास्थ्य चेक जाँच गर्न गराउन आवश्यक रकम विनियोजन गरेको छु।
- खेलकुद क्षेत्रको विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु।
- सुशासन कायम गर्नका लागि गरिने बिभिन्न किसिमका कार्यक्रम गर्न रकम विनियोजन गरेको छु।
- कर्मचारीहरुको उच्च मनोवल र सेवालाई थप प्रभावकारी वनाउन आवश्यक छ। हाल गाउँपालिकामा बजेटको कमिका कारण कर्मचारी ब्यवस्थापन र म्याद थप गर्ने कार्य कर्मचारीको कार्यसम्पादनका आधारमा गरिने छ।

- विपद् जोखिममा परेका घर, बस्तिको पुनः स्थापनाका लागि साझेदारी रकमको व्यवस्थापन गरेको छ।
- गाउँपालिकामा नयाँ लागु हुने संघ संस्थाका लागि आवश्यक पर्ने रकममा साझेदारी गरिनेछ त्यसका लागि आवश्यक रकमको व्यवस्थापन गरेको छु।
- बहु क्षेत्रीय पोषण कार्यक्रमका लागि आवश्यक साझेदारी बजेट विनियोजन गरेको छु।
- मृतक परिवार संग अध्यक्ष सद्भाव कार्यक्रमकालाई यो बर्ष पनि निरन्तरता दिने गरी बजेट विनियोजन गरेको छु।
- सुत्केरी महिला र दुर्घटनामा परेकालाई नि शुल्क एम्वुलेन्स सेवाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई घर घर मै गएर स्वास्थ्य परीक्षण गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- गरिब तथा दलित छात्र छात्राहरुलाई उच्च शिक्षा अध्यायन गर्न छात्रवृति प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- धार्मिक पर्यटनका क्षेत्रमा पनि आवश्यक बजेट विनियोजन गरेको छु।
- स्थानीय नागरिकलाई भए गरेका कामहरुको जानकारी गर्नका लागि स्थानीय रेडीयो, पत्रपत्रीक, टेलिभिजन लगायतका संचार माध्यम मार्फत प्रचार प्रसारण गर्नका लागि संचार माध्याम सँग सहकार्य गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- गाउँपालिकाको केन्द्र देखि सबै वडामा सडक सर्वयाम संचानकालागी आवश्यक रकम विनियोजन गरेको छु।
- जन प्रतिनिधि र कर्मचारीको क्षमता र सिकाई अभिवृद्धि गर्नका लागि अध्ययन अवलोकन भ्रमणलाई परिणाममुखी वनाउन गत आ व को कायर्क्रमलाई निरन्तरता दिदै आवश्यक बजेट विनियोजन गरेको छु।
- गाउँपालिकाको प्राशासकीय भवन निर्माण गर्नको लागी जग्गा खरिद र भवन निर्माणको लागि आवश्यक रकमको व्यवस्था गरेको छु।
- फरक क्षमता तथा अपाङ्गता भएका नागरिकहरुलाइ अवश्यक बजेट विनियोजन गरिएको छ।
- प्रत्येक वडामा एकजना नमूना कृषाक छनैट गरी पुरस्कृत गरिने छ।
- पशुपक्षि तथा च्याखुरा खेतीका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।
- मुला तथा गाण्टे मुलाको अचार र असुरो बनाइ बिक्रि गर्ने अमासमूहहरुलाई आवश्यक बजेट विनियोनज गरिएके छ।
- लोकसेवा निकाल्ने स्थानिय नागरिकहरुलाई पुरस्कृत गर्ने गरी बजेट विनियोजन गरिएको छ।

**सभाअध्यक्ष महोदय,**

यस गाउँपालिकामा संचालित अल्पकालिन र मध्यमकालिन समयमा पुरा गरिने योजनालाई परिलक्षित गरी दिगो विकासका योजना र कार्यक्रमलाई तीव्रताका साथ सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेको छु । आगामी आर्थिक वर्षको कार्यक्रममा सडक निर्माणमा तिव्रता दिदै पुराना अधुरा योजनाहरुको पुर्णता, प्राकृतिक विपद् तथा जोखिम न्यूनीकरण, व्यवसायिक कृषि उत्पादनमा आधारित, स्वास्थ्य क्षेत्र र शिक्षा क्षेत्रमा सुधार केन्द्रित हुने गरि बजेट विनियोजन गरेको छु । गाउँपालिकाको दिगो विकास र आर्थिक सम्बृद्धिका लागि ल्याइएका योजनाहरु समयमा कार्यान्वयन गर्न नीतिगत स्पष्टता कायम गरी कार्यन्वयन क्षमतामा वृद्धि गरिने छ ।

**सभाअध्यक्ष महोदय,**

अब म स्वामीकार्तिक खापर गाउँपालिकाको यस आ.व. २०८२।०८३ को अनुमानित आय तथा व्ययको विवरण यस सभामा पेश गर्न अनुमति चाहान्छु ।

**आम्दानी तर्फ**

| **क्र.सं.** | **बजेट स्रोत** | **अनुमानित आय रु.** |
|---|---|---|
| **१** | **संघीय सरकार** | |
| १.१ | वित्तीय समानिकरण अनुदान | ८ करोड ९९ लाख |
| १.२ | राजश्व बाँडफाँड | ७ करोड ६६ लाख ७१ हजार ६ सय ६१ |
| १.३ | सशर्त अनुदान | १५ करोड ६४ लाख |
| १.४ | समपूरक अनुदान | १ करोड ३४ लाख |
| १.५ | विशेष अनुदान | १ करोड ४६ लाख |
| **२** | **प्रदेश सरकार** | |
| २.१ | वित्तीय समानिकरण अनुदान | ८० लाख ९९ हजार |
| २.२ | राजश्व बाँडफाँड | १८ लाख ६ हजार |
| २.३ | सशर्त अनुदान | ६५ लाख |
| २.३ | समपूरक अनुदान | ४० लाख |
| २.४ | विशेष अनुदान | ५५ लाख |
| **३** | **आन्तरिक आय** | **३५ लाख** |
| | **जम्मा** | **३८ करोड ३ लाख ७६ हजार ६ सय ६१** |

जम्मा अनुमानित आय रु. ३८ करोड ३ लाख ७६ हजार ६ सय ६१ रुपैयाँ अनुमान गरिएको मा सोही रकमको परिधिभित्र रहि विभिन्न शिर्षकहरुमा रकम विनियोजन गरेको छु ।

**विनियोजन तर्फ**

यस गाउँपालिकामा संघीय र प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड, वित्तीय समानिकरण अनुदान, संघीय सरकार सर्शत अनुदान, समपुरक र विशेष अनुदान र गाउँपालिकाको आन्तरिक स्रोत समेतको सम्पूर्ण रकमलाई तपशिल शिर्षकमा बिनियोजन गरेको छु ।

तपशिल

**चालु तर्फ रु. २७ करोड ७ लाख ५० हजार ६ सय ६१**

**पूंजीगत तर्फ रु. १० करोड ९६ लाख २६ हजार विनियोजन गरेको छु ।**

आगामी आ.व. २०८२।०८३ मा सञ्चित कोषमा हाल समावेश नभएको रकम संन्चित कोषमा रहने अनुमान गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

अव म आ.व. २०८२।०८३ का लागि प्रस्ताव गरिएका कार्यक्रमहरुलाई विषयगत क्षेत्र उपक्षेत्रमा विनियोजन गरिएको बजेटको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छु ।

| **क्र.सं.** | **क्षेत्र / उपक्षेत्र** | **विनियोजित रकम रु.** |
|---|---|---|
| **१** | **आर्थिक विकास** | **२,६८,११,०००** |
| १ | कृषि | ६८,०६,००० |
| २ | उद्योग | ९,००,००० |
| ३ | पर्यटन | १,०९,००,००० |
| ४ | जलस्रोत तथा सिँचाई | ५७,७५,००० |
| ५ | बन | १,५०,००० |
| ६ | पशुपन्छी विकास | २१,८०,००० |
| ७ | भुमि व्यवस्था | १,००,००० |
| **२** | **सामाजिक विकास** | **१७,५७,४८,०००** |
| १ | शिक्षा | १२,४७,१०,००० |
| २ | स्वास्थ्य | २,४२,५०,००० |
| ३ | खानेपानी तथा सरसफाई | ३२,७०,००० |
| ४ | भाषा तथा संस्कृति | २,००,००० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशिकरण | २९,३०,००० |
| ६ | युवा तथा खेलकुद | १,००,००० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | २,०२,८८,००० |

| | | |
|---|---|---|
| **३** | **पूर्वाधार विकास** | **७,९५,३१,०००** |
| १ | यातायात पूर्वाधार | ३,७७,४१,००० |
| २ | भवन,आवास तथा सहरी विकास | १,४९,००,००० |
| ३ | उर्जा | २,००,००० |
| ४ | सम्पदा पूर्वाधार | ३९,२०,००० |
| ५ | पुननिर्माण | १,२७,७०,००० |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **८०,१२,०००** |
| १ | विपद व्यवस्थापन | १८,००,००० |
| २ | कानुन तथा न्याय | २,५०,००० |
| ३ | तथ्याङ्क प्रणाली | ७,५०,००० |
| ४ | श्रम तथा रोजगारी | ५२,१२,००० |
| **५** | **कार्यालय संचालन तथा प्रशासनिक** | **१०,०२,७४,६६१** |
| १ | कार्यालय संचालन तथा प्रशासनिक | १०,०२,७४,६६१ |
| **कुल जम्मा** | | **३८,०३,७६,६६१** |

**सभाअध्यक्ष महोदय,**

आ.व. २०८२।०८३ को वजेट तथा कार्यक्रममा समावेश गर्न नसकिएका कार्यक्रमहरु र यस गाउँपालिकाको श्रोत साधनले निर्माण गर्न नसकिने ठुला विकास आयोजनाहरु केन्द्रिय र प्रदेश सरकार संग माग गर्ने गरी पठाउने व्यवस्था मिलाएको छु ।

**अन्त्यमा**

यो बजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयन भई सम्वृद्ध र सक्षम गाउँपालिका निर्माणमा सहयोग पुग्नेछ भन्ने आशा लिएको छु । यो बजेट निर्माण गर्ने क्रममा सहयोग गर्नु हुने बिभिन्न समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

<u>स्वीकृत गर्ने</u>

**भरत बहादुर रोकाया**

**गाउँपालिका अध्यक्ष**

**मिति : २०८२/०३/१०**